नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र

# शिक्षा विकास तथा समन्वय इकाइ

## धनगढी, कैलाली

प.स.०८१/८२
च.नं. २०१

योजना तथा कार्यक्रम शाखा

मितिः २०८१/५/०२

विषयःद्धन्द्ध पीडित छात्रवृतिका लागि आवेदन पेश गर्ने सम्वन्धमा।

श्री कैलाली जिल्ला स्थित सम्पूर्ण विद्यालयहरु।

उपरोक्त सम्वन्धमा चालु आर्थिक वर्ष २०८१/८२ (शैक्षिक सत्र २०८१) मा यस इकाइबाट वितरण हुने द्धन्द्ध पीडित छात्रवृतिका लागि यस जिल्ला अन्तर्गतका विद्यालयमा अध्ययनरत बालवालिकाहरु र विद्यालयहरुलाई मिति २०८१।५।५ गते देखी २०८१।६।४ गते सम्म यस इकाइमा तपशिलमा उल्लेखित कागजात सहित निवेदन पेश गर्न हुन जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।पुनश्चः तोकिएको समयमा प्राप्त नभएका र कागजात अपुग भएका निवेदन उपर कुनै कार्वाही नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

२०८१/५/०२

वैकुण्ठ सुवेदी
इकाइ प्रमुख

तपसिलः

- निवेदक यस जिल्ला अन्तर्गतका विद्यालयमा नियमित अध्ययनरत रहेको विद्यालयको सक्कल सिफारिस पत्र कक्षा,रोल नं र IEMIS बाट तयार भएको विद्यार्थीको परिचयपत्र।
- विद्यार्थीको संरक्षकको नागरिकताको प्रमाणित प्रतिलिपि।
- विद्यार्थीको जन्म दर्ता वा नागरिकताको प्रमाणित प्रतिलिपि।
- निवेदक र संरक्षक विचको नाता प्रमाणित र द्धन्द्धको क्रममा मृत्यु भएको प्रमाण वा ५० प्रतिशत भन्दा बढी अंगभंग भएको हकमा जिल्ला प्रशासनबाट पुनरावलोकन भएको पत्र र वेपता भएको व्यक्ति विचको नाता प्रमाणित र अपाङ्गको हकमा अपाङ्ग परिचयपत्रको प्रतिलिपि।
- विद्यार्थीको निवेदन।
- द्धन्द्ध पीडित भएको प्रमाणको प्रमाणित प्रतिलिपि।
- यस अघि अन्य जिल्लाबाट छात्रवृति पाइरहेका र हाल यस यस जिल्लामा अध्ययनरतको हकमा सम्वन्धित शिक्षा विकास तथा समन्वय इकाइको सिफारिस पत्र।
- छात्रवृतिका लागि निवेदन पेश गर्ने वालवालिका १८ वर्ष मुनिका हुनु पर्ने छ।
- राज्यकोषबाट सुविधा लिइरहेका अभिभावकका सन्तानले छात्रवृति पाउने छैन।
- आवेदन संग वाणिज्य बैंकमा विद्यार्थीको नाममा खाता खोलेको चेक समेत पेश गर्नु पर्ने छ।
- नयाँ आवेदकको हकमा सम्वन्धित स्थानीय तहको सिफारिस पत्र।

वोधार्थः
श्री स्थानीय तह, १३ वटै कैलाली, सूचाना गरी सहयोग गरी दिन हुन।